# संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि
## १९८९ को बालमैत्री नेपाली अनुवाद




Child Nepal (CN) 2003

unicef

**बालमैत्री अनुवाद र गीत/कविता**

कृष्ण सुवेदी (भारद्वाज मित्र)

**कानुनी सहयोग**

सह प्रा. कपिल अर्याल

**संयोजक**

मोहन दँगाल

**भाषा सम्पादन**

देवराज सापकोटा

**डिजाइन**

सुजिता अर्याल

**चित्रकला**

प्रदीप राई

**सहयोगीहरू**

सुमिता सापकोटा
तोयनाथ तिवारी
अमबहादुर चौधरी
सलिना धिताल

**प्राविधिक सल्लाह**

अर्जुन नेपाल

**छपाइ / प्रकाशन सहयोग**

UNICEF



सर्वाधिकार चाइल्ड नेपाल (CN )
2020




## सबै बालबालिकालाई हाम्रो नमस्कार ।

बालअधिकारका बारे तपाईंहरू कतिलाई थाहा होला कतिलाई थाहा नभएको पनि हुनसक्छ । यदी तपाईं बालक्लबको सदस्य हुनुहुन्छ भने तपाईंलाई पक्कै पनि संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धिका कुरा थाहा होला । बालक्लबमा यसबारे धेरै चर्चा हुने गर्छ । यो महासन्धिलाई संयुक्त राष्ट्रसंघले सन् १९८९ नोभेम्बर २० मा पास गरेको थियो । नेपाल सरकारले पनि यस महासन्धिमा लेखिएका अधिकारहरू बालबालिकासम्म पुऱ्याउने बाचा गरेको छ। यस महासन्धिमा लेखिएका अधिकारका कुराहरू तपाईंहरूलाई सजिलोसँग बुझ्न गाह्रो भएको हुन सक्छ ।

त्यो कुरा तपाईंहरू जस्तै साथीहरूसँग कुराकानी गर्दा हामीलाई थाहा भयो । साँच्चै भन्ने हो भने महासन्धिमा लेखिएका शब्दहरूको अर्थ बुझ्न निकै गाह्रो छ। त्यसैले युनिसेफको सहयोगमा चाइल्ड नेपालले तपाईंहरूले सजिलोसँग बुझ्ने गरी यो महासन्धिका कुराहरूलाई तपाईंहरूलाई सरल भाषामा तयार गरेको छ । त्यतिमात्र होइन, सबै अधिकारसँग मिल्दा चित्रहरू र छोटा गीत, कविता पनि हामीले यो पुस्तिकामा राखेका छौं । पक्कै पनि यो पुस्तिकाले तपाईंहरूलाई महासन्धिमा तोकिए जस्तै बालअधिकार सजिलैसँग बुझ्न सहयोग गर्नेछ । यसबाट बढीभन्दा बढी जानकारी लिनुहोस् हाम्रो शुभकामना । यी पुस्तिका तयार गर्न सहयोग गर्नुहुने युनिसेफ र बालबालिकासँग सहजीकरण गर्न सहयोग गर्नुहुने कन्सोर्टियम नेपाल प्रति हामी आभारी छौं ।

## धारा १

हामी १८ वर्षभन्दा कम उमेरका छौँ, त्यसैले हामी सबै बालबालिका हौँ ।



अठार वर्षमुनिका हामी बालबालिका
सबै बालअधिकार हाम्रो अधिकार

## धारा २

हाम्रा बुवा–आमाको अनि अभिभावकको जात, भाषा, धर्म, लिङ्ग, अपाङ्गता र विचारजस्ता कुराहरूका कारण हामीलाई भेदभाव गरिने छैन भन्ने कुरा देशले पक्का गर्नुपर्छ । यस्ता भेदभाव र सजायबाट संरक्षण पाउनु हाम्रो अधिकार हो ।



भेदभाव जति सबै निराधार
संरक्षण पाउनु हाम्रो अधिकार

## धारा ३

सबै व्यक्ति, सामाजिक संस्था, सरकारी कार्यालय र अदालतका जुनसुकै काम र निर्णयहरू गर्दा हाम्रो हितलाई ध्यान दिनुपर्छ र के गर्दा हामीलाई सबभन्दा राम्रो हुन्छ त्यही गर्नुपर्छ ।




बालबालिकाको सर्वोत्तम हित
यसैमा हुन्छ सबैको जित

## धारा ४

लिनु परे अरूको सहयोग लिएर देशले हाम्रो अधिकारको रक्षा गर्नुपर्छ । यसका लागि देशमा भएका स्रोत साधनको सक्दो उपयोग गर्नुपर्छ ।



लगानी गर्दै सुरक्षा गर्नु यी हाम्रा अधिकार
यसमा हाम्रो सरकार हुन्छ सधैँ नै जिम्मेवार

## धारा ५

हाम्रो अभिभावकका हामीप्रतिका जिम्मेवारीलाई देशले सम्मान गर्नुपर्छ । हाम्रा अभिभावकले हामीलाई बाटो देखाउन सम्झाई बुझाई गर्नु उहाँहरूको अधिकार हो । बढ्दै गरेको हाम्रो क्षमतालाई ध्यान दिंदै अह्राउनु, सिकाउनु उहाँहरूको कर्तव्य हो ।



सरकार, बुवा–आमा हाम्रा गुरूहरू
हाम्रो उमेर क्षमतालाई ध्यान दिनु बरू

## धारा ६

बाँच्न र आफ्नो विकास गर्न पाउनु हाम्रो अधिकार हो । यसका लागि देशले बढीभन्दा बढी प्रयास गर्नु पर्दछ ।



खबरदार ! नखोस है बाँच्ने अधिकार
साथसाथै विकास हो हाम्रो सरोकार

## धारा ७

जन्मको दर्ता गर्न, नाम राख्न र देशको नागरिक हो भनेर चिनिन पाउनु हाम्रो अधिकार हो । हामीलाई जन्म दिने आमा–बुवा चिन्न पाउनु अनि उनीहरूबाट स्याहार पाउनु हाम्रो अधिकार हो ।




परिचित हुन पाउने अधिकार हाम्रो
बालपन सजाउने समाज हो राम्रो

## धारा ८

देशले हाम्रो नाम, राष्ट्रियता अनि परिचयको सम्मान गर्नु पर्छ र जोगाइदिनुपर्छ । यसमा देशले नचाहिँदो बाधा अवरोध गर्न हुँदैन ।



पहिचान संरक्षण देशकै हो काम
उल्टै छेकबार गर्नु नराम्रो हो जान

## धारा ९

परिवारसँग बस्न पाउनु हाम्रो अधिकार हो । हाम्रै परिवारले हेलाँ र दुर्व्यवहार गरेका अवस्थामा बाहेक अरू कारणबाट हामीलाई परिवारबाट अलग्याउन पाइँदैन ।



परिवारमा बस्न पाउनु हाम्रो अधिकार
अलग्याउन हुन्न हामीलाई गर्दै दुर्व्यवहार

## धारा १०

यदि हामी र हाम्रा बुवा–आमा छुट्टाछुट्टै देशमा बसेका छौँ भने हामीलाई ती देशहरूमा भेटघाट गर्न जाने र उहाँहरूसँग सँगै बस्ने अधिकार छ ।



हामी वारि बाबा–आमा बस्ने देशपारि
भेटघाट गर्न बस्न गर्छौं वारिपारि

## धारा ११

हामीलाई हाम्रो देशबाट झुक्याई, ललाइ–फकाइ विदेश लैजान पाइँदैन । त्यसरी विदेश पुऱ्याइएमा पनि हामीलाई देशले फिर्ता ल्याउन सक्दो प्रयास गर्नुपर्छ ।



बेचबिखन हुनलाई हामी सामान हैनौ
झुक्याएर विदेश लगे हामी मान्ने छैनौ

## धारा १२

हामीलाई हाम्रा कुरा ढुक्कसँग भन्न दिनुपर्छ । हाम्रो उमेर र हाम्रा कुरालाई महत्व दिनुपर्छ ।



हाम्रा कुरा स्वतन्त्र भई भन्न दिनुपर्छ
उमेरसँगै हाम्रा कुरा सुनिदिनुपर्छ

## धारा १३

हामीलाई सूचना खोज्ने, सूचना पाउने र पाएका सूचना जानकारीहरूलाई बोलेर, लेखेर, चित्र बनाएर र अरू मनपर्ने तरिकाले भन्न पाउने अधिकार छ । तर यसो गर्दा हामीले अरूलाई हानि–नोक्सानि नपुग्ने गरी गर्नुपर्छ ।



सरोकार हाम्रै हुन्छ हाम्रै सूचना
हाम्रा कुरा बाँड्ने हक हामी बीचमा

## धारा १४

हामीलाई हाम्रै किसिमले सोचविचार गर्ने, धर्म मान्ने अधिकार छ । यसका लागि हामीलाई सही बाटो देखाउनु अभिभावकको अधिकार र कर्तव्य दुवै हो ।



विचार छान्ने धर्म मान्ने हाम्रै अधिकार
राम्रो बाटो देखाउनुस् हामीलाई बराबर

## धारा १५

संगठन खोल्ने र शान्तिपूर्ण रूपमा भेला हुने अधिकार हामीलाई छ । हामीले समूह बनाएर सँगै काम गर्दा र भेला हुँदा अरूलाई हानि–नोक्सानि नपुग्ने गरी गर्नुपर्छ ।



समूहमा भेला हुने हाम्रो अधिकार
हानि भने पार्ने छैनौं तिम्रो अधिकार

## धारा १६

हामी र हाम्रो परिवारको इज्जतमा, मर्यादामा र व्यक्तिगत कुराहरूमा कसैले पनि नचाहिँदो खोजीनीति र खुलासा गर्न पाउँदैन ।



मर्यादा र हाम्रो इज्जत निजी कुरा हो
नचाहिँदो खोजीनीति गर्ने को पो हो

## धारा १७

रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेटजस्ता सञ्चारमाध्यमबाट हामीले बुझ्नेगरी संसारभरिका सूचना र जानकारीहरू पाउने हाम्रो अधिकार छ । हामी बालबालिकालाई अहित गर्ने कुराहरू प्रचार–प्रसार गरिनु हुँदैन ।



सूचना र जानकारी हाम्रो हक हो
हाम्रो अहित गर्ने कुरा छर्नु हुन्न भो

## धारा १८

हाम्रो लालन–पालन र भलो गर्ने पहिलो जिम्मेवारी हाम्रै बुवा–आमा अनि अभिभावकको हुन्छ । हामीहरूको राम्रो स्याहार होस् भन्नका लागि देशले हाम्रा अभिभावकलाई सहयोग गर्नुपर्छ ।



हाम्रो भलो, लालन–पालन परिवारले
अभिभावक सघाउने हो सरकारले

## धारा १९

हामीलाई हाम्रा अभिभावक वा अरू कसैले गर्ने र गर्नसक्ने नराम्रो व्यवहार, बेवास्ता र हिंसाबाट संरक्षण पाउने अधिकार छ ।




अभिभावक, बुवा–आमा जताबाट हो
हिंसाबाट संरक्षण हाम्रो हक हो

## धारा २०

हाम्रो आफ्नै परिवार नभएमा देशबाट विशेष संरक्षण र सहयोग पाउनु हाम्रो अधिकार हो ।




अभिभावक छैनन् हाम्रा, यै देशका हौं
संरक्षण हाम्रो गर ! नागरिकै हौं

## धारा २१

देशभित्र वा विदेशमा हामीलाई धर्म सन्तानका रूपमा लिइएको अवस्थामा के गर्दा हामीलाई राम्रो हुन्छ, देशले त्यो कुरालाई ध्यान दिनुपर्छ ।



धर्म सन्तान बनाएर हाम्लाई दिँदा लिँदा
ध्यान देऊ हाम्रो हित प्रगतिका कुरा

## धारा २२

शरणार्थी बालबालिकाले विशेष संरक्षण पाउने अधिकार हुन्छ । उनीहरू बसिरहेको देशका बालबालिका जस्तै बराबर अधिकार पाउनुपर्छ ।



शरणार्थी भनी हामलाई हेलाँ नगर
यो देश नि हाम्रै हो है हाम्रै सहर

## धारा २३

हामीमा कुनै पनि प्रकारको अपाङ्गता भएता पनि सम्मानका साथ बाँच्नका लागि हामीलाई विशेष हेरचाह र सहयोग पाउने अधिकार छ ।



अपाङ्गता हुनु हाम्रो कमजोरी हैन
सहभागी बनाउ हाम्लाई दया माया हैन

## धारा २४

निरोगी भएर बाँच्न, राम्रो र भरपर्दो स्वास्थ्य उपचार, शुद्ध पिउने पानी, पोषिलो खाना र स्वच्छ वातावरण पाउनु हाम्रो अधिकार हो ।



स्वस्थ जीवन बाँच्न चाहिने सबै अधिकार
हामीबीच पुऱ्याउँ है हाम्रै अधिकार

## धारा २५

हाम्रो हेरचाह, संरक्षण र उपचारका लागि हामीलाई हाम्रो घरबाट अलग्गै राखिएको छ भने ती ठाउँहरूमा हामीलाई कस्तो व्यवहार गरिएको छ भन्ने कुरा नियमितरूपमा जाँचिनु पर्छ ।



स्याहार सम्भार हाम्रो गर्दा पर परे घर
घरजस्तै व्यवहार हाम्रो अधिकार

## धारा २६

सहज जीवन बाँच्न र हाम्रा सबै अधिकारहरू उपयोग गर्न देशबाट सहयोग पाउनु हाम्रो अधिकार हो ।




सहज जीवन बाँच्न चाहिने सबै अधिकार
हाम्रा लागि देशको साथ हाम्रै अधिकार

## धारा २७

विकासका लागि चाहिने खाना, नाना र छाना पाउनु हाम्रो अधिकार हो ।




राम्रो खाना, राम्रो नाना पक्का घर छाना
हाम्रो हक दिलाउने देश नै हो जान

## धारा २८

राम्रो शिक्षा पाउनु हामी सबैको समान अधिकार हो । हामी सबैले प्राथमिक तहसम्म सित्तैमा पढ्न पाउनै पर्छ । हामीलाई माथिल्ला तहसम्म पढ्न पाउने अवसर दिनुपर्छ ।



स्तरीय र राम्रो शिक्षा हाम्रो अधिकार
देशको जिम्मा सहजमा देऊ अवसर

## धारा २९

हामीले पाउने शिक्षा हाम्रो सीप र क्षमता विकास गर्ने अनि अरूको अधिकार र वातावरणको संरक्षणलाई पनि सम्मान गर्न सिकाउने खालको हुनुपर्छ ।



हाम्लाई दिने शिक्षा–दीक्षा राम्रो हुनुपर्छ
वातावरण संरक्षणमा ज्ञान दिनुपर्छ

## धारा ३०

हामीलाई हाम्रो परिवारमा बोलिने भाषा, धर्म र रीतिरिवाज प्रयोग गर्न पाउने अधिकार हुन्छ ।



आफ्नै धर्म आफ्नै भाषा आफ्नै संस्कृति
प्रयोग गर्ने अधिकार छ हैन विकृति

## धारा ३१

हामीलाई खेल्ने, रमाउने र आराम गर्ने अधिकार हुन्छ ।



खेल्छौं हामी रमाउँछौं हामी आराम गर्छौं
सबै हाम्रा अधिकार अब हामी बुझ्छौं

## धारा ३२



हामीलाई जोखिममा पार्ने, पढ्न पाउने मौकाबाट टाढा पार्ने र हाम्रो स्वास्थ्य बिगार्ने खालका काममा लगाउनु हुँदैन ।



खबरदार ! जोखिममा हाम्लाई नपार
पढ्न लेख्न स्वस्थ हुन टाढा नपार

## धारा ३३

हामीलाई लागु पदार्थ बनाउने, प्रयोग गर्ने, किनबेच गर्नेजस्ता काममा लगाउन पाइँदैन । यस्ता कामबाट हामीलाई जोगाउनुपर्छ ।



हाम्रो जीवन बरबाद लागु पदार्थले
जोगाइदेऊ, हामी पनि भोलि ज्ञानी हुने

## धारा ३४

सबै किसिमका यौन दुर्व्यवहारबाट जोगिन पाउनु हाम्रो अधिकार हो ।



छिछि–छिछि टाढै बस हामी घिन मान्छौँ
यौन जस्तो कुराबाट हामी टाढै हुन्छौँ

## धारा ३५

अपहरण र बेचबिखनबाट जोगिन पाउनु हाम्रो अधिकार हो ।



अपहरण, बेचबिखन कति घिनलाग्दो
अधिकार खोजौँ पार्न जीवन आशालाग्दो

## धारा ३६

सबै किसिमको शोषण र त्यस्ता क्रियाकलापहरू जसले हाम्रो कुभलो हुन्छ र विकासमा बाधा पुऱ्याउँदछ, त्यसबाट जोगिन पाउनु हाम्रो अधिकार हो ।



कुभलोका गतिविधि नभएकै राम्रो
शोषणबाट जोगिइने अधिकार हाम्रो

## धारा ३७

हामीले कुनै काम बिगारेमा कठोर सजाय दिनु हुँदैन । थुनामा ठूला मान्छेसँग मिसाएर सँगै राख्नु हुँदैन र हामीलाई परिवारसँग भेट्न दिनुपर्छ ।



हाम्रा साना हातले गल्ती हुन सक्दछन्
कलिला यी हाम्रा जीवन जेल बस्ने हैनन्

## धारा ३८

हामी १५ वर्ष नपुगेकालाई सेनामा भर्ना गर्नु हुँदैन र लडाइँमा प्रयोग गर्नु हुँदैन । यस्तो अवस्थामा स्याहार र संरक्षण पाउनु हाम्रो अधिकार हो ।



हतियार हैन हामी कापी–कलम बोक्छौँ
स्याहार र मायासँगै ज्ञानि–गुनी बन्छौँ

## धारा ३९

हेलाँ, दुर्व्यवहार, शोषण अनि यातनाजस्ता कुराहरूबाट पीडित हुन पुगेका हामीलाई फेरि इज्जत र खुसीसँगै समाजमा बस्ने वातावरण पाउनु हाम्रो अधिकार हो ।




हेलाँ, होचो, यातनाले फालिएका हामी
इज्जतिलो समाज देऊ भोलि बन्छौँ नामी

## धारा ४०

हामीबाट कुनै कानुन मिच्चियो भने या कुनै विज्याईं हुन पुग्यो भने सजिलोसँग कानुनी सहयोग पाउने हाम्रो अधिकार हुन्छ ।



हामीबाट कुनै सानो गल्ती हुनसक्छ
कानुनको सहयोग हाम्ले पाउनुपर्छ

## धारा ४१

हाम्रो देशको कानुनमा यो महासन्धिभन्दा अझ राम्रा कुराहरू रहेछन् भने त्यसलाई महत्व दिनुपर्छ र त्यही लागु गर्नुपर्छ ।




हाम्रै देशको कानुनमा भए राम्रा कुरा
महासन्धि परै राख खुसी हुन्छौँ सारा

## धारा ४२

यस महासन्धिमा लेखिएका हाम्रा हक–अधिकारका कुराहरू सबैले बुझ्नेगरी थाहा दिइनुपर्छ ।



हाम्रा हक–अधिकार महासन्धिका
राम्रोसँग बुझाइदेऊ हाम्रै हितका

## धारा ४३ देखि ५४ सम्मको संक्षेप

यी धाराहरूमा यस महासन्धिका अधिकारहरू कसरी लागु हुन्छन् र लागु भए/नभएको जाँचबुझ गर्ने तरिका के–कस्ता हुन्छन्, त्यसका लागि हाम्रो परिवारको, समाज र सरकारको के–के जिम्मेवारीह हुन्छन् भन्ने कुराहरू लेखिएको छ ।



